**राष्ट्रिय मानव अधिकार आयोगद्वारा मिति २०७६/०७/२६ गते आयोजित 'आप्रवासी कामदारको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन' उद्घाटन समारोहमा**

**सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'बाट व्यक्त हुने**
**सम्बोधन भाषण**

**यो महत्वपूर्ण कार्यक्रमका अध्यक्ष तथा राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्षज्यू,**

**माननीय मन्त्रीज्यूहरु,**

**राष्ट्रिय मानवअधिकार संस्थाहरुको विश्वव्यापी सञ्जालका अध्यक्ष माननीय डा. कार्लो अल्फोनसो नेग्रेट मोस्क्युराज्यू,**

**विभिन्न मुलुकका राष्ट्रिय मानवअधिकार संस्थाका प्रतिनिधिज्यूहरु,**

**नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिज्यूहरु,**

**मानवअधिकार संस्था तथा नागरिक समाजका प्रतिनिधिज्यूहरु,**

**नीजि व्यवसायका प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी मित्रहरु;**

**भद्र महिलातथा सज्जनबृन्द,**

**यहाँहरु सबैमा मेरो हार्दिक नमस्कार !**

१. राष्ट्रिय मानवअधिकार आयोग नेपालले आयोजना गरेको ***'आप्रवासी श्रमिकहरुको अधिकार संरक्षण सम्बन्धी'*** अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा उपस्थित भइ विभिन्न महादेशका मानवअधिकार आयोगका प्रमुख, पदाधिकारी र यस क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरुसँग भेटघाट गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ । सर्वप्रथमत: म यो तीन दिने अन्तर्राष्ट्रिय सम्मेलनको भव्य सफलताको शुभकामना व्यक्त गर्दछु ।

२. यो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन २२ देशका मानवअधिकार आयोगका प्रमुख तथा पदाधिकारीहरु, सरकारका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधि, अन्तर्राष्ट्रिय आप्रवासन विज्ञहरु गौतम बुद्धको देश, सगरमाथाको देशमा आइपुग्नुभएको छ । हाम्रो संस्कार अनुसार पाहुनाहरुलाई भगवानसरी मान्ने चलन छ । हामी यो कार्यक्रमको अवसरमा आइपुग्नुभएका हाम्रा पाहुनाहरुलाई गौतम बुद्धको देश, सगरमाथाको देश नेपाल तथा कला, संस्कृति र सम्पदाले भरिपूर्ण काठमाडौं स्वागत गर्न पाउँदा अत्यन्त खुशी छौं । हाम्रो कामना छ, यहाँहरुको नेपाल बसाई सुखद र पूर्ण आरामदायी होस् ।

**भद्र महिला तथा सज्जन वृन्द**

३. मानिसले जीवन जीउनका लागि, आफ्नो र पारिवारिक सदस्यहरुको सुखद जीवनका लागि, आफ्ना सन्ततीका भविष्यका लागि कुनै न कुनै पेशा, व्यवसाय वा रोजगारी गनुपर्दछ । कतिपय नागरिक -जो आफ्नै देशमा आफूले चाहेजस्तो रोजगारीका अवसर पाउँछन् । कतिपय मानिस, काल परिवेश र बाध्यताका कारण वैदेशिक रोजगारीमा जान्छन् । सूचना प्रविधिको विकास, बदलिदो परिवेशका कारण आज विश्वको जुनसुकै कुनाका मानिस अर्को कुनामा

गएर रोजगारी गर्न सक्छ । वैदेशिक रोजगारीबाट लाखौं मानिसले आफ्नो र पारिवारिक सदस्यहरुको भविष्यलाई सुन्दर पनि बनाएका छन् । आ-आफ्नो मुलुकको आर्थिक विकास र समृद्धिको यात्रामासमेत महत्वपूर्ण योगदान दिएका छन् । यो वैदेशिक रोजगारीले दिएको सुखद परिणाम हो ।

४. विकसित मुलुकका नागरिक होऊन् वा अविकसित मुलुकका, आज कुनै न कुनै खालको वैदेशिक रोजगारीमा अवश्य छन् । मानिसका चाहनाहरु असिमित हुने भएकोले यसलाई हामी रोक्न सक्दैनौं । अविकसित, अल्पविकसित मुलुकका नागरिकको वैदेशिक रोजगारीको स्वभाविक गन्तव्य विकसित मुलुक बन्ने गरेको छ । विकसित मुलुकका केहीं नागरिक छन्, जो रोजगारीका लागि अतिकम विकसित मुलुकमा जान चाहन्छन्, जहाँ असंख्य सम्भावनाहरु देख्छन् । स्वभावैले केहीं गर्छु, नयाँ गर्छु भन्नेहरुका लागि अविकसित मुलुकमा नै ठूलो अवसर हुन्छ ।

५. तर, वैदेशिक रोजगारीमा जाने सबै नागरिकको अवस्था एकै प्रकारको अवश्य छैन । विभिन्न अध्ययनलाई मान्ने हो भने वैदेशिक रोजगारीभित्र गम्भीर समस्याहरु छन् । आप्रवासी कामदाहरुले अनेकन दुःख कष्ट त भोग्नु परिरहेको छ नै यौन शोषण र श्रम शोषणका डरलाग्दा परिदृष्यहरु हाम्रै अगाडि छन् । आप्रवासी कामदाहरु जुन सेवा शर्तमा वैदेशिक रोजगारीमा गएका हुन्छन्, त्यहाँ पुग्दा भिन्न अवस्था हुने गरेको विभिन्न तथ्यहरु सार्वजनिक भइरहेकै छन् । तोकिएको ज्याला नपाउनु, तोकिएको समयमा ज्याला नपाउनु, श्रम शोषण हुनु, यौन शोषण हुनु, कामबाट विना कारण निकालिनु, घरेलु हिंसा हुनु जस्ता समस्याहरु आप्रवासी श्रमिकहरुले भोगिरहेका साझा समस्या हुन् । र, यो सरासर आप्रवासी श्रमिकहरुको मानवअधिकारको गम्भीर उल्लङ्घन हो ।

६. आप्रवासी कामदारहरुले भोगिरहेका समस्या हाम्रो साझा समस्या हुन् । उनीहरुको मानव अधिकार लगायतका अधिकारहरुको संरक्षण गर्नु हामी सबैको साझा जिम्मेवारी हो । २१ औं शताब्दीको आजको युगमा श्रम गरेर आय आर्जन गर्ने हेतुले विदेश गएकाहरुको अधिकार र स्वतन्त्रता माथि कुनै पनि बहानामा र कसैबाट पनि हुने ज्यादती स्वीकार्य हुँदैन । यस्तो अवस्थाको अन्त्यका लागि सम्बन्धित राष्ट्रहरुले श्रमिकमैत्री नीति कार्यान्वयनको सुनिश्चितता गर्नु पर्दछ । आप्रवासी श्रमिकहरुको हक अधिकारका बारेमा हरेक देशले आ-आफ्ना प्रयास जारी राखेका छन् । श्रीमकका यी समस्याका समाधानका लागि श्रम गन्तव्य राष्ट्र बढी जिम्मेवार हुनुपर्दछ । उनीहरुको श्रम नीति आप्रवासी कामदारमैत्री हुनुपर्दछ । उनीहरुले सीप र क्षमताको आधारमा आफ्ना देशका नागरिक सरह सेवा सुविधा दिने प्रवन्ध गर्नुपर्दछ भन्ने मलाई लागेको छ ।

७. यी समस्याहरुको सामधान तथा आप्रवासी श्रमिकको मानवअधिकारका लागि सम्बन्धित देशले मात्रै सबै काम गर्न सक्दैन । यसका लागि साझा प्रयास आवश्यक छ । यसमा विभिन्न देशका मानवअधिकार आयोगहरुले आफ्नो भूमिका बढाउनुपर्दछ । राष्ट्रिय मानवअधिकार संस्थाहरुको विश्वव्यापी सञ्जालले आफ्नो भूमिका बढाउनुपर्दछ । र, यो अभियानमा सबै मुलुकले साथ र सहयोग गर्नुपर्दछ । मलाई विश्वास छ, काठमाडौंमा आयोजित यो अन्तर्राष्ट्रिय सम्मेलनले आप्रवासी श्रमिकहरुको अधिकार स्थापित गर्ने र कार्यान्वयनका लागि विश्वलाई नयाँ सन्देश दिनेछ । यो महत्वपूर्ण कार्यक्रम आयोजनाका लागि म राष्ट्रिय मानवअधिकार आयोगलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

**महिला तथा सज्जन वृन्द**

८. नेपालबाट वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पुग्नेहरुको संख्या ठूलो छ । करिब ६० लाख नेपाली आज रोजगारीका लागि विभिन्न मुलुकमा छन् । त्यस्तो देश, जहाँ रोजगारीका लागि नेपाली नपुगेको होस् । नेपालको कुल ग्राहस्थ्य उत्पादनमा रेमिट्यान्सको योगदान करिब २५ प्रतिशत छ । यसबाट भन्न सकिन्छ, नेपालको अर्थतन्त्रमा रोजगारीका लागि विभिन्न मुलुक पुगेका नेपाली दाजुभाई तथा दिदी-बहिनीहरुको ठूलो योगदान छ । यस अवसरमा रोजगारीका लागि विभिन्न मुलुकमा रहनुभएका नेपालीहरुप्रति सम्मान व्यक्त गर्दछु ।

९. स्वभावैले आप्रवासी श्रमिकहरुको अधिकार स्थापित हुन नसक्दा त्यसको सबैभन्दा ठूलो असर नेपालीहरुले भोगिरहेका छन् भन्ने हाम्रो विश्लेषण हो । किनकी हाम्रा लाखौं नागरिक वैदेशिक रोजगारीमा छन् । वैदेशिक रोजगारीमा रहनुभएका नेपालीहरुले अनेकन समस्याहरु भोगिरहनुभएको छ । तपाईंहरुलाई म दुःखद कुरा सुनाऔं की आर्थिक वर्ष २०७४/७५ मामात्रै वैदेशिक रोजगारीमा रहनुभएका ८२१ जना नेपालीले ज्यान गुमाउनुभएको थियो । हजारौं घाइते अपांग हुनुभएको छ । हाम्रो एउटामात्रै अन्तर्राष्ट्रिय विमानस्थल त्रीभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हरेक दिनजसो वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकको लास आउने गर्दछ । हाम्रा थुप्रै नागरिकले विना अपराध विभिन्न मुलुकमा जेल जीवन बिताइरहेका छन्, मृत्युदण्ड कुरेर बसिरहेका छन् । कुनै अपराध विना जेल पर्नु, मृत्युदण्ड सुनाइनु यो भन्दा ठूला मानवअधिकार उल्लङ्घन अरु केही हुन सक्दैन भन्ने हामीलाई लाग्छ । यस्ता समस्या अन्य मुलुकले पनि भोगिरहेका होलान् ।

१०. आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणका लागि नेपाल सदैव तयार छ । आफ्ना नागरिकहरुले आप्रवासनका क्रममा दुःख कष्ट नभोगुन्, उनीहरुको अधिकार सुनिश्चित होस् भनेर नेपालले आफ्नो प्रयासलाई प्रभावकारी बनाउँदै लगेको छ । वैदेशिक रोजगार क्षेत्रको व्यवस्थापनका लागि छुट्टै विभाग तथा सातै प्रदेशमा प्रदेश कार्यालयहरु समेत स्थापना गरेको छ भने आप्रवासी श्रमिकहरुको न्यायमा पहुँचका लागि छुट्टै न्यायिक निकायका रुपमा वैदेशिक रोजगार न्यायाधिकरणको व्यवस्था छ । त्यस्तै अनिवार्य बीमा, कल्याणकारी कोष, प्रस्थानपूर्व तालिमलिनु पर्ने जस्ता व्यवस्था पनि गरिएको छ । अन्तर्राष्ट्रिय स्तरमा नेपालले मूलतः गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गर्ने, कोलम्बो प्रोसेस, अवुधावी डायलग लगायतका विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रक्रियाहरुमा सहभागिता जनाउने क्रमलाई निरन्तरता दिएको छ । आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणका लागि गतवर्ष पारित भएको दस्तावेज ग्लोबल कम्प्याक्ट फर माइग्रेसनप्रति समर्थन जनाई नेपालले कार्यान्वयनको तयारी गरिरहेको छ ।

११. नेपाल सरकारका प्रयासका अलावा आप्रवासी श्रमिकहरुको अधिकार संरक्षण सम्बन्धी विषयलाई राष्ट्रिय मानवअधिकार आयोग, नेपालले पनि प्राथमिकतामा राखेको छ । आयोगले आप्रवासी श्रमिकहरुको अधिकारको

अवस्था अनुगमन लगायतका माध्यमबाट सरकारलाई विभिन्न समयमा सिफारिसहरु गर्ने गरेको छ । यसै वर्षमात्र आयोगले सम्पन्न गरेको आप्रवासी श्रमिकहरुको अधिकारको अवस्था सम्बन्धी अनुसन्धानले महत्वपूर्ण विषयहरु उजागर गरेको छ । आयोगले नेपाली श्रमिकहरुको गन्तव्य मुलुकका मानवअधिकार संस्थाहरुसँग द्विपक्षीय सहकार्यका लागि थालनी गरेको प्रयासले महत्वपूर्ण भूमिका खेलेको छ ।

१२. संसारका निर्माता श्रमिकहरु नै हुन् । संसारका निर्माता ती श्रमिकहरुको सम्मानका लागि पनि हामीले उनीहरुको अधिकारको संरक्षण गर्नुपर्दछ भन्ने मलाई लाग्दछ । यसका लागि सबै राष्ट्र, सबै देशका मानवअधिकार आयोग, यससँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्था र नीजि क्षेत्रले हातेमालो गर्नु आजको आवश्यकता हो भन्ने मलाई लाग्छ । म यहाँहरुलाई अपील गर्न चाहन्छु, जुन देशको नागरिक भए पनि, जुन देशमा गएर काम गरिरहेको भए पनि ती श्रमिक हुन् । श्रमिकहरुको अधिकार संरक्षण हामी सबैको कर्तव्य हो । यो सम्मेलन र यहाँबाट पारित हुने काठमाडौं घोषणापत्र कार्यान्वयनका माध्यमबाट वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको अधिकार संरक्षणको लागि ठोस योगदान पुग्ने मैले विश्वास लिएको छु ।

१३. हाम्रा पाहुनाहरुलाई म अर्को विषयमा ध्यानाकर्षण गराउन चाहन्छु की हामीले नेपाल भ्रमण वर्ष-२०२० मनाउँदैछौं । नेपाल पर्यटनका लागि उत्कृष्ट गन्तव्य हो । विदेशी मित्रहरुलाई नेपाल भ्रमण गराउन चाहन्छौं । म यहाँ उपस्थित पाहुनाहरु, यहाँहरुका परिवारजन र यहाँहरुमार्फत यहाँहरुका देशका नागरिकलाई नेपाल भ्रमण वर्ष-२०२० मा नेपाल भ्रमणका लागि हार्दिक आग्रह गर्दछु ।

१४. अन्त्यमा, यो महत्वपूर्ण कार्यक्रमको आयोजना गर्नुभएको र मलाई आमन्त्रण गर्नुभएकोमा राष्ट्रिय मानवअधिकार आयोग नेपाल, आयोगका अध्यक्ष माननीय अनुपराज शर्माज्यू, माननीय आयुक्तहरु र सिंगो आयोग परिवारलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । साथै, विदेशी पाहुनाहरुलाई अनुकुलता मिलाएर नेपालको पर्यटकीय क्षेत्रहरुको भ्रमण गर्न र आनन्द लिन आग्रह गर्दछु ।

***धन्यवाद/नमस्ते ।***